प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

प्रदेश नं.२

## जनकपुरधाम, धनुषा, नेपाल

Website: www.mosd.p2.gov.np
Mail : mosd.p2.gov@gmail.com
Contact No.: 041525117/ 041 527073

**मिति:- २०७८/०२/०५**

**कोभिड-१९ महामारी नियन्त्रण, रोकथाम तथा उपचारको लागि मन्त्रालयबाट भएका प्रयासहरु:-**

क. अस्पताल तथा प्रयोगशालामा स्वीकृत दरवन्दीको रिक्त पदमा पदपूर्तिको व्यवस्था,

ख. कोभिड माहामारीको रोकथाम, नियन्त्रण तथा उपचारको लागि २०७८ असार मसान्तसम्मको लागि निम्नानुसार थप अस्थायी दरवन्दी स्वीकृत गरी सो जनशक्ति पदपूर्ति सम्बन्धी कार्यविधि समेत पठाइएको,

**थप भएका जनशक्ति:-**

I. प्रादेशिक अस्पतालमा विभिन्न पदको लागि १२८ जना,
II. प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधाममा विभिन्न प्रकारको पदको लागि ३३ जना,
III. सिरहा, जलेश्वर, मलंगवा, गौर, कलैया र लाहान अस्पतालहरुमा विभिन्न पदको लागि प्रति अस्पताल २३ जनाको दरले,१३८ जना,
IV. पोखरीया र पर्सा अस्पतालमा विभिन्न पदको लागि १३ जना,
V. भारदह अस्पताल,सप्तरीमा विभिन्न पदको लागि १२ जना
VI. नारायणी उपक्षेत्रीय अस्पताल, वीरगंजमा विभिन्न पदको लागि १९ जना
VII. गजेन्द्र नारायण सिंह सगरमाथा अस्पताल, राजविराजमा विभिन्न पदको लागि ८ जना
VIII. जनकपुरधाम उपमहानगरपालिका -१४ को तत्कालीन मणिपाल कलेजमा स्थापना हुने कोभिड विशेष अस्पतालको लागि ८६ जना

ग. प्रदेश भित्र संचालनमा रहेका (संघ/प्रदेश/स्थानीय) १४ वटा सरकारी अस्पतालमा अक्सिजन लगायत अत्यवाश्यक औषधि व्यवस्थाका लागि प्रति अस्पताल ५ लाखका दरले ७० लाख रकम कोरोना कोषबाट पठाइएको।

घ. प्रदेशका ८ वटै जिल्लामा संचालित सरकारी/सार्वजनिक अस्पताल वा प्रयोगशालामा गरिने PCR परिक्षण निशुल्क गरिएको।

ङ. प्रादेशिक अस्पताल जनकपुरलाई कोरोना उपचारको लागि ८५ लाख अनुदान कोरोना भाइरस संक्रमण, रकोथाम तथा उपचारकोषबाट पठाइएको।

च. जनकपुरधाम-१४ स्थित मणिपाल कलेजको संचालनमा नरहेको भौतिक संरचनामा १०० वेडको कोरोना विशेष अस्पताल संचालनमा ल्याइने (२ हप्ता भित्र संचालनमा आउन सक्ने गरी काम भैरहेको)।

छ. संघीय सरकारबाट प्राप्त २५० वटा एच डि यु (High Dependency Unit) कोटा अस्पतालहरुलाइ वितरण गरिएको

**प्रवक्ता**
**सामाजिक विकास मन्त्रालय**
**प्रदेश नं.२, जनकपुरधाम**